कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

गण्डकी प्रदेश, नेपाल

## कालिगण्डकी गाउँपालिका
## गाउँकार्यपालिको कार्यालय
### बिर्घा , स्याङ्जा

# कालिगण्डकी प्रज्ञा प्रतिष्ठान ऐन, २०८०

गाँउसभाबाट स्वीकृत मितिः
अध्यक्षबाट प्रमाणित मिति

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

प्रस्तावनाः

नेपाल वहुजातिय,वहुभाषिक, वहु सांस्कृतिक मुलुक हुनाले यहाँ अनेक ज्ञानका भण्डारहरु, जातजाति भाषाभाषी र कलाकौशलहरु छन् र तिनको संरक्षण सम्बर्द्वन एवम् विकास गरेर तिनलाई समुन्नत बनाउने महत्वपूर्ण औजार भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान र प्रविधि जस्ता यावत् पक्षको सिर्जना गर्ने गराउने र तिनको समुचित विकास गर्ने तथा प्रतिभाहरुको सम्मान र कदर गर्ने अभिप्रायले नेपालको संविधान २०७२ को धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कालीगण्डकी गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भः

१) यस ऐनको नाम "कालीगण्डकी प्रज्ञाप्रतिष्ठान ऐन, २०८०" रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

क) "गाउँपालिका" भन्नाले कालीगण्डकी गाउँपालिकालाई सम्झनु पर्दछ।

ख) "गाउँपालिका अध्यक्ष" भन्नाले कालीगण्डकी गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

ग) "उपाध्यक्ष" भन्नाले कालीगण्डकी गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कालीगण्डकी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ङ) "कार्य समिति " भन्नाले दफा ११ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

च) "परिषद " भन्नाले दफा ७ बमोजिम गठित परिषदलाई सम्झनु पर्दछ।

छ) "प्रतिष्ठान " भन्नाले कालीगण्डकी प्रज्ञा प्रतिष्ठानलाई सम्झनु पर्दछ।

ज) "भाषा" भन्नाले नेपाली भाषा लगायत नेपालमा बोलिने सम्पूर्ण राष्ट्र भाषालाई सम्झनु पर्दछ।

झ) "कला" भन्नाले चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, शिल्पकला, बास्तुकला, ललितकला लगायतका सृर्जनालाई सम्झनु पर्दछ।

ञ) "साहित्य" भन्नाले राष्ट्रका हरेक भाषाका गद्यपद्यमा सृजित विविध विधा,श्रव्य,दृश्य, लिखित एवम् मौखिक लोक वार्ता समेतलाई सम्झनु पर्दछ।

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिल्ला स्याङ्जा
२०७३

ट) "संस्कृति" भन्नाले संस्कृतिका विविध पक्षलाई सम्झनु पर्दछ।

ठ) "अध्यक्ष" भन्नाले कालीगण्डकी प्रज्ञा प्रतिष्ठानको अध्यक्षलाई सम्झनु पर्दछ।

ड) " सचिव" भन्नाले कालीगण्डकी प्रज्ञा प्रतिष्ठानको सदस्य सचिवलाई सम्झनु पर्दछ।

ढ) "पदाधिकारी" भन्नाले कालीगण्डकी प्रज्ञा प्रतिष्ठानको अध्यक्ष, सचिव र लगायत प्रज्ञा परिषदको सदस्यहरु लाई सम्झनु पर्दछ।

ण) "तोकिएका वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम निर्देशिका र कार्यविधिमा तोकिएको बा तोकिए बमोजिम सम्झनु पर्दछ।

## परिच्छेद- २
## प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

३ प्रतिष्ठानको स्थापनाः

क) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ।

ख) गाउँपालिका क्षेत्र भित्रका वौद्दिक सम्पत्ति, भाषा, साहित्य, कला, संस्कृति, ज्ञान विज्ञान र प्रविधिको संरक्षण, सम्वर्धन, प्रोत्साहन तथा विकास गर्न आवश्यक भएकोले यस ऐनमा व्यवस्था भए बमोजिम प्रतिष्ठानको स्थापना गरिएको छ।

ग) प्रतिष्ठानको कार्यालय कालीगण्डकी गाउँपालिकामा रहने छ।

घ)प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न वा अन्य कुनै व्यवस्था गर्न कार्यपालिकाले सिफारिस गरे बमोजिम हुनेछ।

ङ) प्रतिष्ठानको आफ्नै छाप र चिन्ह हुनेछ ।

च) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रज्ञा प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

४ **प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः**

१) प्रतिष्ठानका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्

क) प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

ख) भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान तथा प्रविधिको संकलन, संरक्षण, सम्बर्धन तथा अध्ययन अनुसन्धान गर्ने गराउने ।

जिवन बहादुर थापा
गा. पा. अध्यक्ष

ग) प्रतिष्ठानका क्षेत्राधिकार भित्रका अनुसन्धनात्मक तथा मौलिक कृति संकलन सिर्जना तथा प्रकाशन गर्ने ।

घ) बौद्धिक बैक, ग्यालेरी तथा संग्राहलय स्थापना र तोकिए बमोजिम सञ्चालन गर्ने ,

ङ) बौद्धिक बैंकमा जम्मा भएका बौद्धिक सम्पत्तिहरुको आधिकारिकताका लागि प्रचलित कानुन बमोजिम गर्ने

च) खण्ड (ख),(ग) र (घ) का क्षेत्रमा उल्लेखनीय योगदान पुर्याउने व्यक्ति र संस्थालाई तोकिएबमोजिम कदर, सम्मान, प्रोत्साहन तथा पुरस्कृत गर्ने,

छ) पुस्तकालय सञ्चालन गर्ने र यसको सञ्चालन प्रक्रिया तोकिएबमोजिम हुने,

ज) नेपालका विभिन्न जाति तथा समुदायका साहित्य, लिपि, संस्कृति, तथा लोकाकृतिको संरक्षण र संवर्धन गर्ने,

झ) खण्ड (ख) र (घ) को प्रयोजनका लागि अध्ययन अनुसन्धान गर्न विद्वत्वृति(फेलो सिप) व्यवस्था गर्न सक्ने,

ञ) प्रशिक्षण तथा वौद्दिक विकासका कार्यक्रम गर्ने,

ट) खण्ड (ख) र (घ) अनुसारका कार्यको माध्यमबाट स्थानीय सरकार, प्रदेश सरकार , नेपाल सरकार एवं अन्तराष्ट्रिय क्षेत्रसंग परिचित हुने र परिचित गराउने,

ठ) सम्बन्धित विषयमा स्थानीय, प्रदेश, राष्ट्रिय, अन्तराष्ट्रिय स्तरमा गोष्ठी, कार्यशाला, सम्मेलन, प्रदर्शनी, महोत्सव तथा प्रतियोगिता, अवलोकन एवम् सिर्जनात्मक भ्रमणको आयोजना गर्ने,

ड) यसै अनुसारका अन्य संघ संस्थासंग गाउँपालिकाको समन्वय र सिफारिसमा वन्धुत्वको सम्बन्ध स्थापना र विस्तार गर्ने तथा पारस्परिक सहयोग आदानप्रदान गर्ने ,

ढ) कालीगण्डकीगाउँपालिका भित्र लोपोन्मुख भाषा,कला, साहित्य, संस्कृतिको संरक्षण तथा संम्वर्धन गर्न प्राथमिकता दिने ।

ण) विश्वविद्यालयका विभिन्न बिषयमा अध्यनरत विद्यार्थीहरुले कालीगण्डकी गाउँपालिका भित्रका विषयवस्तु र शिर्षकमा रही खोज अनुसन्धान गर्ने शोधार्थी /अनुसन्धानकर्ता लाई प्रोत्साहन गर्ने ।

त) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार बमोजिम अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्ने।

थ) विश्वका तथा नेपालका विभिन्न भाषामा लेखिएका कृतिहरुलाई अनुवाद गर्ने कार्यलाई प्रोत्साहन गर्ने।

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

द) कार्यपालिकाको निर्देशन पालना गर्ने ।

## परिच्छेद-३
## सांगठानिक स्वरुप र गठन प्रक्रिया

प्रतिष्ठानको सांगठानिक स्वरुपः

१. प्रतिष्ठानको सांगठानिक स्वरुप देहाय बमोजिमको हुनेछः

क) कालीगण्डकी प्रज्ञा परिषद्

ख) कालीगण्डकी प्रज्ञा कार्यसमिति

२. सिफारिस समितिको गठनः कालीगण्डकी प्रज्ञा प्रतिष्ठानको कार्यसमिति, परिषदका पदाधिकारी र सदस्यहरुको मनोनयन गर्न गाउँ कार्यपालिका समक्ष सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति गठन गरिने छः-

क) गाउँपालिका उपाध्यक्ष – संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

ग) गाउँ कार्यपालिकाले तोकेका कार्यपालिका सदस्य १ जना - सदस्य

घ) भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान प्रविधिका क्षेत्रमा ख्यातिप्राप्त व्यक्ति मध्ये गाउँपालिका अध्यक्षले तोकेको व्यक्ति १ जना – सदस्य

ङ) शिक्षा शाखा प्रमुख-- सदस्य सचिव

१) उपदफा (१) बमोजिमको समितिले सदस्यका लागि सिफारिस गर्दा सम्बन्धित क्षेत्रमा योगदान पुर्याएका र पुर्याउन सक्ने, ख्यातिप्राप्त, उच्च नैतिकवान व्यक्तिलाई प्राथमिकता दिनुपर्नेछ।

२) समितिले सिफारिस गर्दा समावेशितालाई समेत आधार लिनुपर्ने छ ।

३) सिफारिस समितिले कार्यसमितिका पदाधिकारी तथा सदस्यको मनोनयनका लागि देहाय बमोजिम सिफारिस गर्नुपर्नेछ ।

क) अध्यक्षका लागि १ जना

ख) कालीगण्डकी प्रज्ञा कार्यसमिति सदस्यका लागि ५ जना

ग) कालीगण्डकी प्रज्ञा परिषद्का सदस्यका लागि ६ जना ।

४) उपदफा १) बमोजिमको समितिले परिषद्का पदाधिकारी र सदस्य पदमा मनोनयनका लागि सिफारिस गर्ने सम्बन्धी कार्यविधि आफैले निर्धारण गर्नेछ ।

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दी, स्याङ्जा
२०७३

५) उपदफा (३), (४) र (५) अनुसारका व्यक्तिको नाम गाउँपालिका अध्यक्ष मार्फत गाउँ कार्यपालिका समक्ष सिफारिस गर्नु पर्नेछ।

६) उपदफा ६ बमोजिम सिफारिस भइ आएका कालीगण्डकी प्रज्ञा कार्यसमितिका अध्यक्ष सहितका सदस्यहरुको सिफारिस मितिले ३० दिन भित्र गाउँ कार्यपालिकाबाट अनुमोदन हुनु पर्नेछ।

७) उप दफा ७ बमोजिम गाउँ कार्यपालिकाले अनुमोदन नगरेको अवस्थामा पुनः सिफारिस समितिले नयाँ नाम सिफारिस गर्नु पर्नेछ।

८) कालीगण्डकी प्रज्ञा प्रतिष्ठानमा पदाधिकारीको पदावधि नियुक्ति मितिले ४ बर्षको हुनेछ।

९) देहायका योग्यता भएको व्यक्ति कालीगण्डकी प्रज्ञा प्रतिष्ठानको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिको लागि योग्य हुनेछ।

क) प्रज्ञा अध्यक्षका लागि मान्यता प्राप्त बिश्वबिद्यालयाबाट स्नातक उपाधि प्राप्त गरेको र सदस्यका लागि एसईइ उत्तीर्ण गरेको।

ख) पैंतालिस बर्ष उमेर पुरा भएको

ग) उच्च नैतिक चरित्र भएको

परिषद्को गठनः

१) प्रज्ञा प्रतिष्ठानमा प्रज्ञा परिषद र कार्यसमितिमा पदाधिकारी सहित बढीमा १३ जनाको परिषद् रहने छ

२) उपदफा १) बमोजिमको परिषदमा जातजाति, भाषाभाषी, साहित्य, कला, संस्कृति, विज्ञान प्रविधि एवम् महिला समेतको प्रतिनिधित्व हुनेगरी ६ जना सदस्यहरु सिफारिस समितिको सिफारिसमा कार्यपालिकाद्वारा मनोनयन गरिने छ।

३) गाउँपालिका अध्यक्षको सिफारिसमा २ जना मनोनयन गरिनेछ।

४) कार्यसमितिका प्रज्ञा अध्यक्ष र प्रज्ञा सदस्य सचिव पदेन अध्यक्ष र सदस्य सचिव रहनेछन् र सदस्यहरु पदेन सदस्य रहनेछन।

५) परिषदका पदाधिकारी र सदस्यहरुको पदावधि ४ बर्षको हुनेछ र पटक पटक गरी गठन भएमा सुरु गठन बाट अवधि गणना हुनेछ।

६) कुनै कारणले पदाधिकारी वा सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि कार्यपालिकाद्वारा मनोनित गरिने छ।

७) परिषदका अध्यक्ष र सदस्य सचिवको सेवा सुविधा अनुसूची ३ बमोजिम हुनेछ।

खिम बहादुर था...
गा.पा. अध्यक्ष

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

७ परिषदको काम कर्तव्य र अधिकार:

परिषदको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) नीति निर्धारण गर्ने,

ख) बार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

ग) बार्षिक बजेट पारित गर्ने

घ) विद्वत्वृति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने,

ङ) कार्यसमितिलाई सुझाव र सहजीकरण गर्ने,

च) संस्थाको हितका अन्य कार्य गर्ने ।

८ परिषदको बैठक सम्बन्धी व्यवस्था:

१) परिषदको बैठक बर्षमा दुई पटक वस्ने छ ।

२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा बैठक वस्ने छ ।

३) बैठक वस्ने मिति, समय, स्थान एवम् छलफलका विषयवस्तु सहितको सूचना सदस्य सचिबले कम्तिमा ३ दिन अगावै विद्युतीय माध्यम वा अन्य माध्यमद्धारा सदस्यहरुलाई दिनु पर्ने छ।

४) परिषदमा तत्काल कायम रहेका सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भएमा सभाको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५) बैठकको अध्यक्षता अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले गर्ने छ।

६) बैठकमा वहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ।

७) परिषद् बैठकको निर्णय सदस्य सचिवले अध्यक्षबाट प्रमाणित गराई सुरक्षित राख्नु पर्नेछ।

८) परिषदले विद्वान,सर्जक तथा वौद्दिक क्षेत्रका व्यक्तिलाई आवश्यक्ताको आधारमा बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

९) परिषदको बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्णय गरे बमोजिम हुनेछ ।

## परिच्छेद – ४

९. कालीगण्डकी प्रज्ञा कार्य समितिको गठन, काम, कर्तव्य र अधिकार:

१) कुनै कारणले पदाधिकारी वा सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि अर्को व्यक्तिलाई दफा ५(२) बमोजिम प्रक्रिया पुरा गरी कार्यपालिकाद्वारा मनोनित गरिनेछ ।

११. कालीगण्डकी प्रज्ञा कार्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

क) परिषद्ले गरेको निर्णय र निर्देशन कार्यान्वियन गर्ने, गराउने ।

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

ख) लेखा परीक्षणको प्रतिवेदन बैठकबाट पारित गराई सभा समक्ष पेस गर्ने,

ग) सचिवले पेस गरेको बार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि सभा समक्ष पेस गर्ने,

घ) प्रतिष्ठानको चलअचल सम्पत्तिको व्यवस्थापन, संचालन, संरक्षण र रेखदेख गर्ने गराउने,

ङ) प्रतिष्ठानको कोषको व्यवस्था र संचालन गर्ने,

च) कार्यसमितिले काम कारबाहीलाई व्यवस्थित बनाउनका लागि वढीमा ५ वटा विभाग गठन गर्न सक्ने छ ।

छ) कार्य समितिले आवश्यकतानुसार उपसमिति र कार्यदल गठन गर्न सक्ने छ र त्यस्तो उपसमिति वा कार्यदलको काम कर्तव्य तथा अधिकार तोक्ने ।

ज) कार्य समितिले विभाग, उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तोक्नेछ ,

झ) एउटा विभागमा रहेको व्यक्ति अर्को विभागमा रहन पाउने छैन र विभाग अन्तर्गत गठित उपसमितिमा समितिका पदाधिकारी रहने छैनन् तर कुनै निश्चित कामका लागि गठन हुने कार्यदलमा भने पदाधिकारी रहन वाधा पर्ने छैन ।

ञ) विद्वत्वृति (फेलोसिप) सम्मान कदर तथा पुरस्कार अनुमोदनका लागि सभामा पेश गर्ने।

ञ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१२. कालीगण्डकी प्रज्ञा प्रतिष्ठानको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) परिषद् र कार्यसमितिको बैठकको अध्यक्षता गर्ने,

ख) परिषद् र कार्यसमितिले गरेका निर्णयको कार्यान्वयन गर्ने गराउने

ग) प्रतिष्ठानको बार्षिक कार्यक्रम, बजेट, प्रतिबेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने ।

घ) गाउँपालिका, अन्यपालिका, संघ सस्था, समिति तथा उप समितिहरुसँग समन्वय र सहकार्य गर्ने,

ङ) कार्य समितिको स्वीकृति लिई प्रतिष्ठानको तर्फबाट करार गर्ने,

च) संघीय सरकार, प्रदेश सरकार तथा विदेशी संस्थासँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क गर्ने,

छ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

खिम बहादुर ...
गा. पा. अध्यक्ष

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

१३. कालीगण्डकी प्रज्ञा प्रतिष्ठानको सदस्य सचिवको नियुक्तिः १ ) देहायको योग्यता भएका व्यक्ति कालीगण्डकी प्रज्ञा प्रतिष्ठानको सदस्य सचिव पदमा योग्य हुनेछ

क) कालीगण्डकी गाउँपालिका करार कर्मचारी व्यपस्थापन गर्ने सम्वन्धी कार्यविधि २०७५ बमोजिम सदस्य सचिवको नियुक्ति गरिने छ ।

ख) मान्यताप्राप्त शैक्षिक संस्थाबाट स्नातकोत्तर उत्तीर्ण गरेको

ग) ४५ बर्ष पूरा भएको ।

घ) उच्च नैतिक चरित्र भएको ।

२) माथि जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा कालीगण्डकी प्रज्ञा परिषदको सदस्य सचिवको पद रिक्त हुनेछः

क) प्रज्ञा अध्यक्ष मार्फत गाउँपालिका अध्यक्ष समक्ष लिखित राजीनामा पेस गरेमा

ख) निजको उमेर पैसठ्ठी बर्ष पूरा भएमा

ग) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी गाउँसभाको दुई तिहाइ बहुमतले पारित गरेमा ।

घ) निजको मृत्यु भएमा ।

१४ **सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय** बमोजम हुनेछ ।

क) अंध्यक्षको अनुमतिमा बैठक वोलाउने,

ख) संस्थाको हिसाब किताब दुरुस्त राख्ने,

ग) संस्थाका निर्णयहरु सदस्यहरुलाई जानकारी गराउने,

घ) कार्यालय व्यवस्थापन गर्ने,

ङ) बैठकका निर्णयहरु कार्यन्वयन गर्ने, गराउने,

च) सम्पर्क व्यक्तिको रुपमा कामकाज गर्ने,

छ) अध्यक्ष तथा समितिले तोकेका कार्य गर्ने,

ज) संस्थाको सम्पूर्ण अभिलेख अध्यावधिक गर्ने ।

१५. कालीगण्डकी प्रज्ञा प्रतिष्ठानको **सदस्यहरुको काम, कर्तव्य र अधिकार** देहाय बमोजम हुनेछ,

खिम बहादुर
गा. पा. अध्यक्ष

क) बैठकमा उपस्थित भई छलफल र निर्णयमा सहभागी हुने ,

ख) नीति तथा कार्यक्रम निर्माण गर्ने कार्यमा सहयोग गर्ने,

ग) अध्यक्ष तथां सचिवको कार्यमा सहयोग गर्ने,

घ) आफूलाई जिम्मा दिईएका अन्य कामहरु गर्ने,

१६. कालीगण्डकी प्रज्ञा प्रतिष्ठानको कार्य समितिको बैठक देहाय अनुसार संचालन हुनेछः

१) कार्यसमितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

२) कार्य समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

३) कार्य समितिको बैठक हुनुभन्दा कम्तीमा चौबिस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य सचिवले सबै सदस्यहरूलाई दिनु पर्ने छ ।

४) कार्य समितिमा तत्काल कायम रहेका सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिने छ ।

५) बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले गर्नेछ।

६) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

७) बैठकको निर्णय अध्यक्षद्वारा प्रमाणित गराई सचिवले सुरक्षित राख्नेछ ।

८) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्णय गरे बमोजिम हुनेछ ।

## परिच्छेद –५

## पद रिक्त र समिति विघटन सम्बन्धी व्यवस्था

१७. **पद रिक्त हुने अवस्थाः** देहायको अवस्थामा पदाधिकारी वा सदस्यहरुको पद रिक्त **हुनेछः-**

क) पदावधि समाप्त भएमा,

ख) गाउँपालिका अध्यक्ष समक्ष राजीनामा दिएमा,

ग) निजको मानसिक संतुलन ठीक नभएमा,

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा,

ङ) दफा १८ अनुसार पदबाट हटेमा वा मृत्यु भएमा ।

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

**१८. पदबाट हटाउन सक्ने:**

१) पदाधिकारी, कार्यसमिति सदस्य वा परिषद्का सदस्यले यस ऐन बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्य क्षमताको अभाव भएको कारण देखाई परिषदमा तत्काल कायम रहेका कम्तिमा एक चौथाई सदस्यले अध्यक्ष समक्ष निवेदन दिएमा सो निवेदन अध्यक्षले आफ्नो राय सहित गाउँपालिका अध्यक्ष समक्ष पेस गर्नु पर्ने छ ।

२) गाउँपालिका अध्यक्षबाट छानबिन गरी मनासिब देखिएमा गाउँपालिका अध्यक्षद्वारा मनोनितलाई गाउँपालिका अध्यक्षले प्रज्ञा परिषदको अध्यक्ष र सदस्यहरुलाइ पदबाट हटाउन सक्नेछ तर पदबाट हटाउनु अघि सफाइको मौका प्रदान गरिनेछ ।

३) ६ महिनासम्म वैठक बस्न नसकी समिति निष्क्रिय रहेमा गाउँपालका अध्यक्षले आवश्यक छानबिन गरी समिति विघटन गरी नयाँ समिति गठनका लागि कार्यपालिकामा प्रस्ताव पेस गर्न सक्नेछ ।

४) उपनियम ३) बमोजिमको प्रस्ताब कार्यपालिलाई मनासिव लागेमा कार्य समिति र परिषद् भंग गरी यसै ऐन बमोजिम नयाँकार्य समिति र परिषद् गठन प्रक्रिया अगाडि वढाउनु पर्ने छ ।

**१९. राजीनामा सम्बन्धी व्यवस्था:**

१) अध्यक्षले गाउँपालिका अध्यक्ष समक्ष र पदाधिकारी तथा सदस्यले अध्यक्ष मार्फत गाउँपालिका अध्यक्ष समक्ष राजीनामा दिन सक्नेछ ।

२) अध्यक्षले पदाधिकारी वा सदस्यको राजीनामा गाउँकार्यपालिका समक्ष पेश गर्नेछ ।

३) कार्यपालिकाले प्राप्त राजीनामाहरु स्वीकृत गर्न सक्नेछ ।

## परिच्छेद –६

## कोष तथा लेखापरीक्षण

**२०. कोष सम्बन्धी व्यवस्था:**

१) प्रतिष्ठानको एउटा छुट्टै कोष रहनेछ ।

२) उपदफा १) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् ।

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

क) गाउँपालिकाबाट प्राप्त रकम,

ख) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम,

ग) स्वदेशी संघ संस्था र व्यक्तिबाट प्राप्त रकम,

घ) विदेशी संघ संस्था र व्यक्तिबाट प्राप्त रकम,

ङ) व्याजबाट प्राप्त रकम,

च) अन्य स्रोतबाट प्राप्त रकम,

छ) प्रज्ञा प्रतिष्ठानले कुनै सेवा उपलब्ध गराएबापत प्राप्त रकम ।

३) उपदफा २) खण्ड घ) बमोजिम रकम प्राप्त गर्ने विधि प्रचलित कानून बमोजिम हुनेछ ।

४) कोषको रकम बैंक मार्फत संचालन गरिनेछ ।

५) कोष संचालनको लागि कालीगण्डकी प्रज्ञा प्रतिष्ठानको नाममा एक बैंक खाता रहनेछ ।

६) बैंक खाता सदस्य सचिव र गाउँपालिकाको लेखा प्रमुख समेतको सयुक्त दस्तखतबाट संचालन हुनेछ । तर कालीगण्डकीगाउँपालिकाको छुट्टै कोष नभए सम्मका लागि गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत र गाउँ कार्यपालिका कार्यालयका लेखा शाखा प्रमुखबाट खाता संचालन गरी प्रज्ञा परिषदका अध्यक्ष,सदस्य र सदस्य सचिवको सेवा सुविधा उपलब्ध गराइने छ ।

५) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**२१. लेखा र लेखा परीक्षणः**

१) आयव्ययको लेखा प्रचलित कानून बमोजिम हुनेछ ।

२) प्रतिष्ठानको लेखापरीक्षण गाउँपालिकाले गराउने छ ।

## परिच्छेद –७

## विविध

**२२. संरक्षक सम्बन्धी व्यवस्थाः** गाउँपालिका अध्यक्ष संस्थाको संरक्षक रहने छ ।

**२३. कर्मचारी सम्बन्धी व्यवस्थाः** १) प्रतिष्ठानमा आवश्यकता अनुसार कर्मचारीहरू रहनेछ ।

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

२) उपदफा १) बमोजिमको कर्मचारीको नियुक्ति कालीगण्डकी गाउँपालिकाले गर्नेछ ।

३) सदस्य सचिवको पारिश्रमिक, सुविधा नेपाल सरकार राजपत्रांकित तृतिय श्रेणी वा सो सरहको उपलव्ध गराइनेछ र सेवाका सर्तहरू गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**२४. शपथ सम्बन्धी व्यवस्था:**

१) आफ्नो पदभार ग्रहण गर्नु अघि पदाधिकारी र सदस्यहरूले अनुसूची–१ बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

२) कार्य समितिका अध्यक्षले गाउँपालिका अध्यक्षबाट शपथ लिनु पर्नेछ ।

३) अन्य पदाधिकारी र सदस्यहरूले गाउँपालका अध्यक्षको उपस्थितिमा अध्यक्षबाट शपथ लिनु पर्नेछ ।

**२५. प्रतीक चिन्ह र छाप:** प्रतिष्ठानको प्रतीक चिन्ह र छाप अनुसूची २ बमोजिमको हुनेछ ।

**२६) नियम बनाउने अधिकार:** १) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

**२७) खारेजी र बचाउ:** उल्लेखित ऐन बमोजिम भए गरेका काम कारवाई यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

## अनुसूची १

दफा २४ को उपदफा १) सँग सम्बधित

### शपथको ढाँचा

म सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु की कालीगण्डकी प्रज्ञा प्रतिष्ठानको ............................................ नाताले म........................................................ लाई दिएको जिम्मेवारी इमान्दारी पूर्वक पूरा गर्नेछु । भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान तथा प्रविधिको सिर्जना, संरक्षण, सम्बर्द्धन संकलन र श्रीवृद्धिका लागि तन, मन र वचनले दत्तचित्त भई कुनै भेदभाव, लोभलालच तथा मोलाहिजा नगरी कसैको प्रभावमा नपरी आफ्नो क्षेत्रमा देश , कालीगण्डकी गाउपालिका र जनताको सेवाका लागि आफ्नो अमूल्य समय र शक्ति समर्पित गर्नेछु ।

नाम थरः

पदः

दस्तखतः

मितिः

## अनुसूची २

दफा २५ सँग सम्बन्धित

संस्थाको छाप र चिन्ह

१. गोलाकार चिन्ह भित्र षट्कोण,

२. षट्कोणको वरिपरि नेपाली भाषामा, कालीगण्डकी प्रज्ञा प्रतिष्ठान कालीगण्डकी बिर्घा स्याङ्जा, गण्डकी प्रदेश र अंग्रेजी भाषामा kaligandaki Academy, Birgha Syangja , Gandaki Provience लेखिएको हुनेछ।

३. पुछारमा स्था. २०८० र अंग्रेजीमा ESTD: 2080 लेखिएका हुनेछ।

४. षट्कोणको बिचमा खुला कापीमा एकवटा हातले कलम समाएर लेखिरहेको चिन्ह हुनेछ।

## अनुसूची ३

दफा ६ को उपदफा (७) सँग सम्बधित

कालीगण्डकी प्रज्ञा अध्यक्ष र सदस्य सचिवले पाउने सेवा सुविधा

| सि.नं | सुविधाको किसिम | एकाइ दर | प्रज्ञा अध्यक्ष | प्रज्ञा सदस्य सचिव |
|---|---|---|---|---|
| १ | यातायात/इन्धन | १ | २००० | १०००० |
| २ | संचार | १ | ३००० | ७००० |
| ३ | पत्रपत्रिका | १ | २००० | ८००० |
| ४ | अतिथि सत्कार | १ | ३००० | १२००० |

कालीगण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिर्घा, स्याङ्जा २०७३